# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, फागुन ७ गते २०५५ साल (अतिरिक्ताङ्क ७१ (क)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा २०५५ साल फागुन ७ गते बक्सेको सन्देश–

प्यारा देशवासीहरू,

राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा पूज्य आफू बुबाज्यू स्वर्गीय श्री ५ त्रिभुवन तथा प्रजातन्त्रको स्थापनाको लागि जीवन समर्पण गर्ने सबैप्रति हामी श्रद्धाञ्जली अर्पण गर्दछौं ।

देशमा प्रजातन्त्र स्थापना भएको आधा शताब्दी पुग्दैछ । यस अवसरमा प्रजातन्त्रको सुदृढीकरणका लागि भएका प्रयासहरूको समीक्षा गर्नु उपयुक्त हुनेछ । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको मूल्य र मान्यता अनुरूप आचरण र व्यवहार गर्दै राष्ट्रियताको संरक्षण, सम्बर्द्धन तथा राष्ट्रको उत्थान गर्न सकेमा नै जनतामा प्रजातन्त्रको अनुभूति गराउन सकिनेछ । आजको दिनले सबै नेपालीहरूलाई यस दिशातर्फ अग्रसर हुन प्रेरणा प्रदान गरोस् भन्ने हाम्रो कामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


९४२९

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9822